## निर्णयहरु

**१. शुभकामना आदान प्रदान सम्बन्धमा :**
आउदै गरेको विजय दशमी २०७९, दिपावली, छठ,लगायत राष्ट्रिय पर्वको पावन अवसरमा नव निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरु, त्रिपुरासुन्दरी नगरपालिकाका सम्पूर्ण नागरिकहरु, नगरकार्यापालिका र अन्तरगतका निकायमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थी ,यस नगरमा स्थापना भै जनताको सेवामा सम्लग्न रहेका सम्पूर्ण सेवा प्रदायक संघ संस्था, सुरक्षा निकाय, पत्रकार लगायतका देश विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई दिदिबहिनी विभिन्न धर्मालम्वी धामी,झाकीहरुलाई नव दुर्गाभवानी, बालात्रिपुरासुन्दरी माता, छल मस्टा लगाएतका सम्पूर्ण देवी देउताले हामी सबैलाई सुख, शान्ती, समृद्धि प्रदान गरुन भन्दै हार्दिक मंगलमय शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

**२. जग्गा व्यवस्थापन सम्बन्धमा :**
यस नगरपालिकाको जनताको समृदिको लागी आवश्यकता महसुस गरी बहुप्राविधिक शिक्षालयको लागी त्रिपुरा मावि काटियाचौरको सेरोफेरो , औधोगिक ग्रामको लागी यसै नगरपालकि वडा नं २ स्थित खरिका गैराको सेरोफेरो र बहुउद्धेशीय भवनको लागी नगरपालिका भवनको सेरोफेरोमा स्थापना गर्न नापि शाखा डोल्पा संग समन्वय गरेर उपर्युक्त विषयको लागी अनुकुल जग्गा व्यावस्थापन गरी तत्काल कार्य आरम्भ गर्ने निर्णय गरियो ।

**३. सुकुम्वासीहरुको लगत संकलन सम्वन्धमा ।**
नेपाल सरकार राष्ट्रिय भुमि आयोग र यस त्रिपुरासुन्दरी नगरपालिका विच २०७९।५।१९ गते सम्झौता भैसकेको सन्दर्भमा भुमिहिन दलित, भुमिहिन सुकुम्वासीलाई जग्गा उपलव्ध गराउन र अव्यवस्थित बसोवासलाई व्यावस्थापन गर्नको लागी स्थानिय तहहरुले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरु सहित वास्तविक सुकुम्वासीहरुको पहिचान गरि तोकिए बमोजिमको ढाँचामा वडाहरुबाट लगत सकलन गर्ने गराउने निर्णय पारित गरियो ।

**४. विधालयमा दशै तिहार बिदा गर्ने सम्वन्धमा ।**
यस नगर भित्र रहेका सम्पुर्ण सामुदायिक विधालयहरुमा दशै तिहार विचमा विधालयको पठनपाठन हुने दिनलाई अतिरिक्त समयमा व्यावस्थापन गर्ने गरी दशै तिहार विदा २०७९ ।०७ ।१३ गते सम्म बिदा दिने निर्णय पारित गरियो ।

**५ कक्षा थपको अनुमति प्रदान सम्वन्धमा. ।**
यस नगरपालिका भित्र रहेका तपशिल बमोजिमका विधालयहरुलाई कक्षा थपको अनुमति प्रदान गर्ने निर्णय गरियो।

क) श्री जनप्रिय आवि त्रिसुनपा ९ चु कक्षा ७
ख) श्री ज्योति आधारभुत विधालय त्रिसुनपा २ रुम कक्षा ७
ग ) श्री अमरसी आधारभुत विधालय त्रिसुनपा ११ मुहु कक्षा ७

**६. विद्यालय समायोजन सम्वन्धमा ।**
यस नगरपालिका वडा नं १ स्थित तपशिल बमोजिमका विधालयका कक्षा ४ र ५ त्रिपुरा माध्यमिक विधालयमा समायोजन गरि निम्न लिखित कक्षाहरुमात्र आगामी शैक्षिक शत्रदेखि संचालन गर्ने गराउने निर्णय पारित गरियो ।

**तपशिल**
क) श्री हिमज्योति आधारभुत विधालय कक्षा ३ सम्म

**७. काज फिर्ता तथा शिक्षक नियमितता सम्बन्धमा ।**

यस नगरपालिकामा काजमा रहेका प्रावि द्वितिय श्रेणीका शिक्षक श्री शेर बहादुर बुढाको काज फिर्ता श्री बलभद्र आधारभुत विधालय त्रिसुनपा २ रर्सीमा रहेको साविककै दरबन्दी रहेको ठाउमा गर्ने तथा नगर भित्र रहेका सबै सामुदायिक विधालयमा कार्यरत शिक्षक कर्मचारीहरुको नियमितमा बढाउदै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रमुख प्रशासकिय अधिकृत , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**८. आकस्मिक कोष संचालन सम्बन्धमा ।**

यस नगरपालिका भित्रका मातृशिशु सेवा लगायतका आकास्मिक सेवा संचालन गर्न तपशिल बमोजिमका बर्थिङ्ग सेन्टर रहेका स्थानमा तपशिल बमोजिमको संञ्चित सापटी कोष वापत जनता संग नगर प्रमुख कोषबाट प्रत्येक संस्थामा रु ५०,०००। (अक्षरुपी पचास हजार) को दरले जम्मा रु २,५०,०००। को कोष स्थापना गरि कार्याक्रम संचालन गर्ने निर्णय पारित गरियो ।

क) स्वास्थ्य चौकी त्रिपुराकोट
ख) स्वास्थ्य चौकी सु
ग) स्वास्थ्य चौकी लिकु
घ) स्वास्थ्य चौकी पाहाडा
ङ) स्वास्थ्य चौकी खदाग - (फुल्चिङ्ग)

**९. कार्यविधि स्वीकृत सम्वन्धम ।**

यस नगरपालिकाको कार्यपालिकामा पेश भएका तपशिल बमोजिमका कार्यविधि स्विकृत गर्ने निर्णय पारित गरियो ।

क) घ बर्गको निर्माण ब्यावसायी इजाजत पत्र सम्वन्धी (पहिलो संसोधन) कार्यविधि,२०७९
ख)त्रिपुरासुन्दरी नगरपालिका स्वास्थ्य तथा सरसफाई निति,२०७९
ग) भत्ता निर्देशिका,२०७९

**१०. इजाजत पत्र सम्वन्धमा ।**

यस नगरपालिका ३ स्थित श्री दिक्षा हार्डओयर , निर्माण, अडर एण्ड सप्लायर्सलाई घ बर्गको निर्माण ब्यावसायी इजाजत पत्र प्रदान गर्ने निर्णय पारित गरियो ।

**११. आर्थिक सहयोग तथा राहत सम्वन्धमा ।**

जनता संग नगरप्रमुख कोषबाट तपशिल बमोजिमका संस्था तथा व्याक्तिलाई आर्थिक सहयोग तथा राहत प्रदान गर्ने निर्णय पारित गरियो ।

क) रेडियो सुशासन त्रिपुरासुन्दरी नपा १ डोल्पा रु २,५०,०००।
ख) छलगाड विधुत मर्मत रु २,००,०००।
ग) जेष्ठ नागरिक संगठन जिकास डोल्पा रु १,००,०००।
घ) आर के ब्रोडकास्टिङ्ग मिडिया रु ४,००,०००।
ङ) नारि दिवस रु १,५०,०००।
च) खातिखोला लघु जलविधुत रु ४,५०,०००।
छ) हेमराज हमाल गेट रु ५,००,०००।
ज) नन्द प्रसाद स्मृदि प्रतिस्ठान रु ५,००,०००।
झ) महादेव आ.वि. ज्यू रु ३,००,०००।
ञ) हिमज्योती आ.वि. रु ६०,०००।



ट) ज्योती आ.वि. रु ३,००,०००।
ठ) धनमति बोहोरा वडा नं. १० लाई रु २०,०००।
ड) आँखे खोला मिनि हाइड्रो रु १,५०,०००।
ढ) खाली छहरा लघुजलविधुत रु ५,००,०००।

**१२. खर्च अनुमोदन सन्धमा ।**

यस नगरपालिकाको कार्यालयको कामकाजको शिलशिलामा नगर प्रमुख ,उपप्रमुख , प्रमुख प्रशासकीय अधिकृत लगायतका अन्य जन प्रतिनिधी तथा कर्मचारीहरु सुर्खेत , नेपालगञ्ज, काठमाडौमा जादा आउदा भएको भ्रमण खर्च , खाजा तथा होटलवास खर्च, अतिथि सत्कार खर्च र विगत आ.व.२०७७।७८ र २०७८।०७९ को आ.ले.प.र मलेपका कर्मचारीलाई आवास सहितको खाना खर्च एवम कार्यालयको कामको शिलशिलामा आवशयकपरी विभिन्न सप्लायर्स, पसल तथा होटेलहरुको भूक्तानी दिनु पर्ने एकिन भएको खर्च रकमको अनुमोदन गरी विजया दशमी, २०७९ को पावन अवसरमा चालु तथा पुजिगत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**१३.बैक खाता फुकुवा सम्वन्धमा ।**

यस त्रिपुरासुन्दरी नगरपालिका भित्र संचालन भएका विभिन्न योजना तथा आयोजनाहरुको कार्य सम्पन्न भएको प्राविधिक मुल्याकन पेश र सम्वन्धीत वडावाट सिफारिस भै आए पश्चात मात्र बैक खाता फुकुवा गर्ने निर्णय पारित गरियो ।

**१४. १५ सैयाको नगर अस्पताल निर्माण सम्वन्धमा ।**

यस त्रिपुरासुन्दरी नगरपालिकाद्धारा १५ सैयाको नगर अस्पताालको निर्माणको लागि गरिएको डीपीआरको हार्ड कपी र सफट कपी नगरपालिकामा पेश गर्न सम्वन्धीत सस्था **डाईनामिक कन्सट्रक्सन एन्ड कन्सलटेन्सी प्रा.लि.** लाई तुरुन्त भिकाई सोही कन्सल्टेन्सी मार्फत यथा सिघ्र स्टिमेट गराई निर्माण व्यवसायी श्री रेलीगेर बुद्ध हिमाली जे.वि. लाई पेस्की वापत लिएको रु ६००००००। वरावरको काम सम्पन्न गर्न लगाई वाकी थप निर्माण कार्यको लागि एकमुस्ट टेन्डर आवाहान गर्न थप वजेटका लागि स्वास्थ्य मन्त्रालय संग अनुरोध गर्ने गरी काम अगाडी वढाउने निर्णय गरियो ।

**१५. वेरुजुको न्युनीकरण सम्वन्धमा**

आ.व.२०७४।७५,२०७५।७६ र २०७६।७७ गरि विगत तिन वर्षको वेरुजु कुल रु.१२,२७,०२,०००। देखिन आएकोले उक्त वेरुजु न्युनीकरण गर्न सम्वन्धीत व्यक्ति, कर्मचारी, जनप्रतिनिधिले पहल गर्ने र आगामी दिनमा पनि वेरुजु हुन नदिन लेखा शाखा तथा सम्वन्धीत शाखा फाटलाई निर्देशन दिने निर्णय गरियो ।

**१६. सडक मर्मत सम्वन्धमा**

चुगाड खोला देखी त्रीपुराकोट वजार सम्म गरिएको सडक मर्मतको लागि प्राविधिक मूल्याकन अनुसार रु ३,८१,५००। रकम भूक्तानी दिने निर्णय गरियो ।

**१७.सहज कर्तानियुक्ति सम्वन्धमा**

संघिय तथा प्रदेशका विभिन्न मन्त्रालय , आयोग , सरकारी तथा गैर सरकारी संघ सस्थालाई यस नगरपालिकासंग समन्वय गरी विकास निमाणमा सहयो गर्ने गरी आगामी २०७९ कार्तिक १ गते देखी लागुहुनेगरी मासिक रु २०,०००। भूक्तानी गर्ने गरी सहज कर्तामा नियूक्ती गर्ने निर्णय गरियो ।